# शालीग्राम करिडोर र कोरोला-पोखरा-त्रिवेणी लोकमार्ग वरिपरिका प्रदेशका योजना/कार्यक्रमको अनुगमन तथा निरीक्षण कार्यक्रम सम्बन्धी प्रतिवेदन

## १. पृष्ठभूमिः-

गण्डकी प्रदेश सरकारले प्रदेशको समग्र आर्थिक, सामाजिक, सांस्कृतिक तथा पूर्वाधार विकासलाई प्राथमिकतामा राखी विभिन्न योजना तथा कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ। प्रदेशको धार्मिक, पर्यटकीय तथा आर्थिक दृष्टिले महत्त्वपूर्ण क्षेत्रका रूपमा रहेको शालीग्राम करिडोर र कोरोला-पोखरा-त्रिवेणी लोकमार्ग आसपासका क्षेत्रमा सडक, पुल, खानेपानी, सिंचाइ, पर्यटन पूर्वाधार, कृषि तथा अन्य विकास निर्माणसम्बन्धी विभिन्न योजनाहरू सञ्चालनमा रहेका छन्।

सार्वजनिक लेखा समितिको महत्वपूर्ण कार्यहरुमध्ये महालेखा परीक्षकले आफ्नो वार्षिक प्रतिवेदनमा औंल्याएका बेरुजु (सैद्धान्तिक, नियमित तथा असुल उपर) माथि छलफल गर्ने तथा बेरुजु न्यूनीकरणमा महत्वपूर्ण भूमिका निर्वाह गर्ने रहेको छ। सो अनुसार समितिले मिति २०८३ साल जेठ १३ गते गरेको निर्णयमा यी योजनाहरूको कार्यान्वयन अवस्था, गुणस्तर, प्रभावकारिता, बजेट उपयोग तथा निर्धारित उद्देश्य प्राप्तिको लागि स्थलगत अवस्थाको जानकारी लिनका लागि सम्बन्धित सरोकारवालासँग छलफल गर्ने तथा आवश्यक सुझाव संकलन गर्ने उद्देश्यले गण्डकी प्रदेश सभाको सार्वजनिक लेखा समितिद्वारा पाँचदिने अनुगमन तथा निरीक्षण कार्यक्रम सञ्चालन गरिएको थियो।

## २. अनुगमन तथा निरीक्षणको उद्देश्यः-

अनुगमन तथा निरीक्षण कार्यक्रमका प्रमुख उद्देश्यहरू निम्नानुसार रहेका छन्:

- शालिग्राम करिडोर, कोरोला-पोखरा-त्रिवेणी लोकमार्ग र उक्त मार्ग वरिपरि प्रदेश सरकारद्वारा संचालित योजना तथा कार्यक्रमहरूको प्रगति मूल्याङ्कन गर्ने।

- स्वीकृत बजेट तथा योजना अनुसार कार्य सम्पादन भए/नभएको अध्ययन गर्ने।
- निर्माण कार्यको गुणस्तर, प्रभावकारिता तथा दिगोपनाको परीक्षण गर्ने।
- महालेखा परीक्षकको प्रतिवेदनमा औंल्याएका बेरुजुको वास्तविक अवस्थाको जानकारी लिन स्थलगत अनुगमन र निरीक्षण गर्ने ।
- स्थानीय सरकार, उपभोक्ता समिति, निर्माण व्यवसायी तथा सरोकारवालासँग अन्तरक्रिया गरी समस्या र चुनौती बारे पहिचान गर्ने।
- सार्वजनिक स्रोतको सदुपयोग तथा वित्तीय अनुशासनको अवस्था बारे अध्ययन गर्ने।
- प्राप्त सुझाव अनुसार आगामी नीति, योजना तथा बजेट निर्माणका लागि प्रदेश सरकारको ध्यानाकर्षण गर्ने।

## ३. अनुगमन तथा निरीक्षणका सहभागीहरू:-

अनुगमन तथा निरीक्षण टोलीमा निम्न पदाधिकारी, कर्मचारी, सुरक्षाकर्मी तथा ह.स.चा.को सहभागिता रहेको थियो:

- सार्वजनिक लेखा समितिका सभापति माननीय सुधिर कुमार पौडेल
- समितिका माननीय सदस्यहरू माननीय जित प्रकाश आले, माननीय रेशम बहादुर जुग्जाली, माननीय फणिन्द्र देवकोटा, माननीय पञ्चराम गुरुङ्ग, माननीय सुशिला सिंखडा, माननीय सरस्वती गुरुङ्ग, माननीय निर्मला थापा
- प्रदेश सभा सचिवालयका कर्मचारी अधिकृत श्री चन्द्रकला बस्नेत
- सुरक्षाकर्मी सहायक मर्यादापालक श्री तुल्सा पौडयाल
- ह.स.चा. ३ जना
- स्थानीय तहका जनप्रतिनिधिहरू, कार्यक्रमसँग आबद्ध कर्मचारीहरु तथा अन्य सरोकारवाला

## ४. अनुगमन तथा निरीक्षण कार्यक्रमको समय अवधि:-

- **अनुगमन अवधि:**५ दिन

- **मिति:**२०८३ जेठ १४ गतेदेखि २०८३ जेठ १८ गतेसम्म
- **कार्य क्षेत्र:**शालीग्राम करिडोर र कोरोला-पोखरा-त्रिवेणी लोकमार्ग अन्तर्गत तथा आसपासका प्रदेश सरकारबाट सञ्चालित विभिन्न योजना तथा कार्यक्रमहरू स्थलगत अनुगमन तथा निरीक्षण

## ५. शालिग्राम करिडोर र कोरोला-पोखरा-त्रिवेणी लोकमार्ग वरिपरिका योजना/कार्यक्रमहरुको अनुगमन तथा सरोकारवालाहरुसँग अन्तरक्रिया कार्यक्रमको कार्यतालिका:-

| क्र.सं. | मिति र समय | स्थान | शिर्षक | कै. |
|---|---|---|---|---|
| १ | २०८३/२/१४ गते विहान ८.०० बजे | एकत्रित भएको | फ्यूल राखेर हिंडेको | |
| २ | २०८३/२/१४ गते विहान ९.०० बजे | भिमाद | भिमाद, रिसिङ्ग र घिसिङ्ग गा.पा. का अध्यक्षहरुसँग अन्तरक्रिया | |
| ३ | २०८३/२/१४ गते विहान २.०० बजे | डेढगाउँबाट स्याङ्जा चापाकोट | सिंचाई र खानेपानीको स्थलगत अनुगमन | |
| ४ | २०८३/२/१४ गते विहान ५.०० बजे | गल्याङ्ग हुँदै मिर्मि | बेलुका बास | |
| ५ | २०८३/२/१५ गते विहान ९.०० बजे | पर्वत कुश्मा | सिंचाई तथा कृषिका योजनाहरुको अनुगमन | |
| ६ | २०८३/२/१५ गते बेलुका७.०० बजे | म्यागदी हुँदै मुस्ताङ्ग | बेलुका जोमसोम सदरमुकाम बसाई | |
| ७ | २०८३/२/१६ गते विहान९.०० बजे | जोमसोम, मुस्ताङ्ग | कोरोला जाने सडक तथा जोमसोम जिल्ला अस्पतालको स्थलगत अनुगमन | |
| ८ | २०८३/२/१६ गते बेलुका७.०० बजे | मुस्ताङ्ग | बेलुका चाराङ्ग बास | |
| ९ | २०८३/२/१७ गते विहान७.०० बजे | अपर मुस्ताङ्ग प्रस्थान | कोराला नाकाको स्थलगत निरीक्षण | |
| १० | २०८३/२/१७ गते दिनको ३.०० बजे | खाना पछि चाराङ्गबाट | मुस्ताङ्गको सदरमुकाम जोमसोम | |

| | | | | |
|---|---|---|---|---|
| | | हिडने | | |
| ११ | २०८३/२/१७ गते बेलुका ७.०० बजे | मुकाम | बेलुका जोमसोम बसाई | |
| १२ | २०८३/२/१८ गते विहान ७.०० बजे | मुस्ताङ्गबाट पोखरा प्रस्थान | विहानको खाजा पछि पोखरा प्रस्थान | |
| | बेलुकासम्म आ-आफ्नो निवास फर्किने | | | |

## ६. भ्रमणको विस्तृत विवरणः-

### क. पहिलो दिन मिति २०८३/०२/१४ गते

विहान ९.०० बजे भिमाद नगरपालिका, रिसिङ्ग गा.पा., घिरिङ्ग गा.पा. का पदाधिकारी तथा कर्मचारीहरुसँग अन्तरक्रिया कार्यक्रम सार्वजनिक लेखा समितिका सभापति माननीय सुधिर कुमार पौडेलज्यूको अध्यक्षतामा एवम् भिमाद नगर प्रमुख श्री दधिराज सुवेदी, रिसिङ्ग गा.पा. अध्यक्ष राजेन्द्र कृष्ण श्रेष्ठ, घिरिङ्ग गा.पा. अध्यक्ष श्री होम बहादुर थापा, भिमाद न.पा. उपप्रमुख श्री शारदा खनाल, भिमाद नगरपालिका वडा नं. ६ अध्यक्ष श्री श्याम सुन्दर जोशी, वडा नं. ५ अध्यक्ष श्री पदम बहादुर थापा तथा वडा नं. ३ अध्यक्ष श्री पदमराज सेनले आफ्ना भनाई राख्नु भएको थियो।

**श्री दधिराज सुवेदी, भिमाद नगर प्रमुखः-** स्थानीय, प्रदेश तथा संघ तीनै तहबाट शालिग्राम वरिपरिका क्षेत्रका लागि अनुदान आउने गरेको छ तरपनि विविध कारणहरुले गर्दा हालसम्म पनि शालिग्राम करिडोरको सानो सडक खण्ड श्रृँगपथको बाटोसँग जोडिन नसकिएको। सो सडक खण्ड लगभग १० किमि जति रहेको छ। सो कुरामा प्रदेशले चासो लिएर लगानी गरेर स्थानीयहरुलाई यो समस्याबाट मुक्त गराई संघीयताको आभाष दिन सक्नु पर्‍यो।नगर प्रमुखज्यूले बालबालिकाहरुका लागि एउटा छात्रावासको आवश्यकता छ। उक्त छात्रावासको भवनको थप व्यवस्थापनको लागि प्रदेश सरकारबाट सहयोगको लागि आग्रह गर्नु भयो।

**श्री राजेन्द्र कृष्ण श्रेष्ठ, अध्यक्ष,रिसिङ्ग गा.पा. तनहुः-** शालिग्राम करिडोरमा बन्चरे भिरदेखि मधुबनसम्म लगभग ७ किमी ट्र्याक खुलाउन सकेको छैन।

**श्री होम बहादुर थापा, अध्यक्ष, घिरिङ्ग गाउँपालिकाः-**

शालिग्राम करिडोर अन्तर्गत अर्याल खोलामा पुल (प्रदेश सरकारले डि.पी.आर.) गरि सकेको र झुर्रा खोलामा (गाउँपालिकाले डि.पि.आर.) गरि सकेको। ती दुई पुल निर्माण गर्नुपर्ने आवश्यकता रहेको ।

## ख. घिरिङ्ग गाउँपालिका, तनहुँ -

सार्वजनिक लेखा समितिले घिरिङ्ग गाउँपालिका-१, तनहुँका स्थानीय निवासी **श्री बलराम सिग्देल, श्री विष्णु शर्मा पोखरेल,**श्री डिल कुमारी पोखरेल, श्री दिलमाया पोखरेल, श्री सितादेवी पोखरेल, श्री हुमा भण्डारी, श्री बिमला पोखरेल, श्री सानुमाया सिग्देल, श्री चन्द्र बहादुर थापा, श्री दर्शन सिग्देल, श्री हरिहर भण्डारी, श्री होमनाथ पोखरेल, श्री कुल प्रसाद बस्ताकोटी, श्री कुबिजा पोखरेल, श्री शिवभक्त पोखरेल, श्री ढुण्डीराज बस्ताकोटी, श्री युवराज पोखरेल, श्री सूर्य प्रसाद सिग्देल, श्री विजय पोखरेल, श्री केशवराज पोखरेल, श्री नीलकण्ठ भण्डारी तथा श्री ध्रुवराज सिग्देल लगायतका स्थानीय कृषकहरु अन्तरक्रिया तथा छलफलमा सहभागी हुनु भएको थियो।

## ग.बौदिकाली गाउँपालिका, डेढगाउँ, नवलपुरः-

सार्वजनिक लेखा समितिले बौदिकाली गाउँपालिका, नवलपुरका अध्यक्ष श्री प्रकाश ओझा, अकला दुग्ध सहकारी संस्थाका अध्यक्ष, श्री दण्डपाणी कोइराला, अकला दुग्ध सहकारी संस्थाका सचिव, श्री गम बहादुर घर्ति मगर, श्री मनोज कोइराला, श्री अन्त बहादुर घर्ति, श्री श्याम सुन्दर श्रेष्ठ, श्री भानुभक्त ओझा, श्री यादव प्रसाद ओझा लगायत सरोकारवाला किसानहरुसँग अन्तरक्रिया गरियो।

## ख. दोश्रो दिन मिति २०८३/०२/१५ गते

१. **कुश्मा नगरपालिका, वडा नम्बर ५, पर्वतः-**

सार्वजनिक लेखा समितिले कुश्मा नगरपालिकाका प्रमुख श्री रामचन्द्र जोशी, प्रमुख प्रशासकीय अधिकृत श्री किरण पौडेल, स्वास्थ्य शाखा प्रमुख श्री यमि प्रसाद शर्मा, फलेवास नगरपालिकाका प्रमुख श्री गंगाधर तिवारी लगायत सरोकारवालाहरुसँग अन्तरक्रिया गरिएको थियो।

२. **बाच्छा, विहादी गाउँपालिका वडा नम्बर १, पर्वतः-**

सार्वजनिक लेखा समितिले बाच्छाको अध्यक्ष श्री प्रवीण गुरुङ्ग, एस.के. कृषि संचालक श्री शिव कुमार क्षेत्री, कृषक श्री चुडा बहादुर वि.क., कृषि प्रसार अधिकृत, कृषि विकास कार्यालय, पर्वत, श्री प्रेम आचार्य, कृषक श्री रमेश प्रसाद शर्मा, कृषक श्री जीवनाथ शर्मा, कृषक श्री मेघनाथ शर्मा, विहादी गाउँपालिका वडा सदस्य तथा पूर्व कृषि प्राविधिक फलेवास नगरपालिका श्री अर्जुन प्रसाद श्रेष्ठ, कृषक श्री चन्द्रा देवी पौडेल, कृषक श्री भागिरथी शर्मा, कृषक श्री हेमराज शर्मा लगायत स्थानीयवासीहरुसँग योजना बारे छलफल गरी र उहाँहरुको सुझावहरु संकलन गरियो।

## ग. तेश्रो दिन मिति २०८३/०२/१६ गते

सार्वजनिक लेखा समितिले घोरपजङ्ग गाउँपालिका उपाध्यक्ष श्री जमुना थापा मगरसँग प्रत्यक्ष गाउँपालिकामा हाल संचालनमा रहेका प्रदेश सरकारका योजना तथा कार्यक्रम सम्बन्धित संवाद र छलफल गरिएको थियो।

**क.** सार्वजनिक लेखा समितिले जोमसोम-थिनि-दुम्बा-मार्फा रिङ्गरोडको स्थलगत अनुगमन तथा निरीक्षणको क्रममा मुस्ताङ्ग जिल्ला पूर्वाधार विकास कार्यालयका काउन्सलर तथा इन्जिनियर श्री सूर्य बहादुर पाण्डे एवम् भौतिक पूर्वाधार विकास कार्यालयका सब-इन्जिनियर श्री विरेन्द्र धामीसँग छलफल गरी सो छलफलमा सब-इन्जिनियर धामीज्यूले बाटोमा पत्रे चट्टानका कारण कुनै ठेकेदारले त्यसको जिम्मा नलिने भएकाले सो रिङ्ग रोडको पटक-पटक ठेका नवीकरण भएपनि उक्त सडक खण्ड हालसम्म पनि सम्पन्न हुन नसकेको

जानकारी गराउनु भयो। महालेखा परीक्षकले उठाएको ६ पटकसम्म म्याद थपको सम्बन्धमा जानकारी नभएकाले सो विषयमा बुझी सो विषयमा सार्वजनिक लेखा समितिलाई जानकारी गराउने प्रतिबद्धता जाहेर गर्नु भएको थियो। प्राविधिकहरुको संख्यामा कमी भएकाले सो योजनाको नियमित अनुगमन हुन नसकेको जानकारी गराउनु भयो। काउन्सलर श्री सूर्य बहादुर पाण्डेज्यूले जोमसोम-कागबेनी सडकको कालोपत्रे संघले गर्ने भनी जोमसोम भन्दा माथि एक किलोमिटरको दूरीमा वर्षाका कारण सडक भाँसिएका कारण ग्याबिन वाल लगाउने काम भै रहेको जानकारी गराउनु भयो। पान्डाखोलाको उत्तर तर्फको सडक खण्ड पुल सहित आर.सि.सि. र ढलान भै रहेको सडकको स्थलगत अवलोकन गराउनु भएको थियो।

## घ. चौथौं र पाँचौं दिन मिति २०८३/०२/१७ र १८ गते

सार्वजनिक लेखा समितिले मुस्ताङ्ग जिल्ला स्थित प्रदेशको जोमसोम अस्पतालमा नि. प्रमुख श्री निर्मला पन्त, फार्मेसिस्ट श्री धर्मराज ओझा तथा नर्स श्री रिमा लिङ्गदेनसँग छलफल गर्नुको साथै सो अस्पतालमा स्ट्रेचर तथा व्हिल चेयर पहुँच मार्गमा स्थानीय सामान (Local material) प्रयोग गर्ने नाउँमा ढुङ्गा राखेको देखिएकोले स्ट्रेचर व्हिलचेयरका बिरामीलाई थप समस्या भएको। अस्पतालको नयाँ भवन निर्माण भईसक्दा पनि हस्तान्तरण हुन नसकेको जानकारी प्राप्त भयो।

### ख. अपर मुस्ताङ्ग कोरोला-पोखरा-त्रिवेणी लोकमार्ग

मुस्ताङ्गबाट लोमहथाङ्ग हुँदै कोरोला नाका जाँदाखेरि सुरक्षाकर्मीहरुको भवन सिमानाबाट निकै टाढा रहेको पाइयो। त्यसैगरी कोरोला नाकाको भन्सार कार्यालय पनि कोरोलाको सिमानाबाट टाढा रहेको पाइयो। अर्को तिर मित्रराष्ट्र चाइनाले तयार पारेका ठूला ठूला संरचनाहरु देखिन्छन हाम्रो नेपाली भू-भागमा टेन्टमा सामान्य व्यापार गरेको पाइयो। त्यहाँ भएका व्यापारीहरुबाट जानकारी लिने क्रममा चाइनाले उपलब्ध गराइएको सोलार बत्ति तथा दुई वटा मोबाइल ट्वाइलेट प्राप्त भएको पाइयो। सो ट्वाइलेट व्यवस्थित नभएको पाइयो तथा नेपाल सरकारद्वारा ढुङ्गा र

सिमेन्टले बनाइएको ट्वाइलेटको अवस्था व्यवस्थित नभएको पाइयो। पानी बत्तिको अभावका साथै स्थायी संरचनाको ठूलो खाँचो देखिएको थियो। गण्डकी प्रदेश सरकारको लगानीमा बोरिङ्ग गरी पानी निकालेको पाइयो र सो पानीको वितरण लाइन व्यवस्थित गर्नुपर्ने देखियो।

## ७. <u>अनुगमनका क्रममा देखिएका समस्या तथा चुनौतीहरूः-</u>

प्रदेश सरकारद्वारा सञ्चालित योजना तथा कार्यक्रमहरूको अनुगमन तथा निरीक्षणका क्रममा कार्यान्वयन तहमा निम्नानुसारका समस्या तथा चुनौतीहरू देखिएका छनः:-

### १. बजेट तथा वित्तीय व्यवस्थापन सम्बन्धी समस्या

- विनियोजित बजेट समयमै निकासा नहुँदा निर्माण कार्य प्रभावित हुने गरेको।
- बहुवर्षीय योजनाका लागि पर्याप्त बजेट सुनिश्चित हुन नसक्दा काम अधुरो रहने अवस्था।
- लागत अनुमान र वास्तविक खर्चबीच ठूलो अन्तर देखिनु।
- बजेट विनियोजन र खर्चबीच अपेक्षित तालमेल नदेखिएको।

### २. ठेक्का व्यवस्थापन तथा निर्माण कार्यमा ढिलाइ

- निर्माण व्यवसायीले सम्झौता अनुसार काम नगरेको र निर्धारित समयमा काम सम्पन्नमा ढिलाई भएको।
- निर्माण सामग्रीको अभाव, निरन्तर मंहगाई बढने तथा ढुवानी कठिनाइका कारण प्रगति सुस्त भएको।
- ठेक्का सम्झौता बारम्बार म्याद थप गर्नुपर्ने अवस्था सिर्जना भएको।

### ३. भौगोलिक तथा प्राकृतिक चुनौती

- पहाडी तथा हिमाली भूभागमा पहिरो, बाढी र भूक्षयका कारण सडक संरचनामा क्षति हुन गएको।

- दुर्गम क्षेत्रमा निर्माण सामग्री तथा प्राविधिक जनशक्ति पुऱ्याउन कठिनाइ ।
- मौसम अनुकूल हुँदापनि निर्माण कार्य लामो समयसम्म अवरुद्ध हुनु।

## ४. प्राविधिक तथा जनशक्ति अभाव

- पर्याप्त इन्जिनियर, प्राविधिक तथा अनुगमन कर्मचारीको कमी।
- गुणस्तर नियन्त्रणका लागि आवश्यक प्रयोगशाला तथा उपकरणको अभाव।
- प्राविधिक सुपरिवेक्षण कमजोर हुँदा निर्माण गुणस्तरमा प्रश्न उठ्नु।

## ५. अन्तरसरकारी समन्वयको समस्या

- संघ, प्रदेश र स्थानीय तहबीच जिम्मेवारी तथा अधिकार क्षेत्रको स्पष्टता नहुनु।
- निर्णय प्रक्रियामा ढिलाइ हुँदा योजना कार्यान्वयनमा समस्या हुनु।
- संघ सरकार, प्रदेश सरकार र स्थानीय तहका निर्माण पक्षबीच समन्वयमा कमी देखिएको।

## ६. गुणस्तर नियन्त्रण र अनुगमन कमजोरी

- निर्माण कार्यको नियमित अनुगमन गर्न नसक्नु।
- मापदण्ड अनुसार काम भए/नभएको स्थलगत निरीक्षण तथा प्रभावकारी मूल्याङ्कन हुन नसक्नु।
- जोमसोम प्रदेश अस्पताल, मुस्ताङ्गमा स्ट्रेचर र व्हिल चेयरमा स्थानीय सामान (Local Material) उपयोग गरिएको देखिएको।

## ७. पर्यटन तथा आर्थिक सम्भावना उपयोगमा चुनौती

- सडक निर्माणसँगै आवश्यक पर्यटन पूर्वाधारको विकास पर्याप्त नभएको।
- व्यापारिक केन्द्र, विश्रामस्थल तथा सेवा सुविधाको अभाव भएको।
- सीमावर्ती तथा ग्रामीण क्षेत्रको आर्थिक सम्भावनालाई योजनाबद्ध रूपमा उपयोग गर्न नसकिएको।

## ८. सुशासन तथा पारदर्शितासम्बन्धी चुनौती

- केही योजनाहरूमा निर्माण कार्य निर्धारित समयभित्र सम्पन्न हुन नसकेको।
- केही योजनामा कार्यसम्पादन र खर्च विवरण सार्वजनिक गर्ने अभ्यास कमजोर भएको।
- सार्वजनिक जवाफदेहिता तथा परिणाममुखी व्यवस्थापनलाई अझ सुदृढ गर्न आवश्यक देखिएको।

## ९. अनुगमनबाट प्राप्त मुख्य उपलब्धिहरू:-

शालीग्राम करिडोर वरिपरिका प्रदेशस्तरीय योजना तथा कार्यक्रमहरूको अनुगमन तथा निरीक्षणबाट निम्न प्रमुख उपलब्धिहरू प्राप्त भएका छन्:

### १. योजनाहरूको वास्तविक प्रगति अवस्थाबारे प्रत्यक्ष जानकारी प्राप्त

अनुगमन टोलीले विभिन्न योजना तथा कार्यक्रमहरूको स्थलगत निरीक्षण गरी भौतिक तथा वित्तीय प्रगतिको वास्तविक अवस्था प्रत्यक्ष रूपमा अवलोकन गर्न सफल भएको छ। यसबाट कागजी प्रतिवेदन र वास्तविक कार्यसम्पादनबीचको अवस्था मूल्याङ्कन गर्न सहज भएको छ।

### २. सार्वजनिक स्रोत तथा बजेट उपयोगको प्रभावकारिता मूल्याङ्कन

विनियोजित बजेटको उपयोग, खर्चको अवस्था तथा प्राप्त उपलब्धिबीचको सम्बन्धबारे वस्तुगत जानकारी प्राप्त भएको छ। यसले सार्वजनिक खर्चको प्रभावकारिता परीक्षण गर्न सहयोग पुगेको छ।

### ३. आयोजना कार्यान्वयनमा देखिएका समस्या पहिचान

निर्माण ढिलाइ, प्राविधिक कठिनाइ, समन्वय अभाव, बजेट व्यवस्थापन तथा अन्य प्रशासनिक समस्याहरू पहिचान गरी समाधानका सम्भावित उपायहरूबारे आवश्यक सुझाव संकलन गरिएको छ।

## ४. स्थानीय तह र सरोकारवालासँग समन्वय तथा संवाद अभिवृद्धि

अनुगमनका क्रममा स्थानीय जनप्रतिनिधि, कर्मचारी, उपभोक्ता समिति, निर्माण व्यवसायी तथा स्थानीय बासिन्दाहरुसँग प्रत्यक्ष अन्तरक्रिया गरिएको छ। यसबाट आयोजना कार्यान्वयनमा देखिएका व्यावहारिक समस्या र जनअपेक्षाबारे स्पष्ट जानकारी प्राप्त भएको छ।

## ५. गुणस्तर सुधारका लागि आवश्यक सुझाव संकलन

निर्माणाधीन तथा सम्पन्न आयोजनाहरूको गुणस्तर परीक्षणका क्रममा सुधार गर्नुपर्ने पक्षहरूको पहिचान गरिएको छ। यसले आगामी दिनमा गुणस्तरीय तथा दिगो पूर्वाधार निर्माणमा सहयोग पुग्ने अपेक्षा गरिएको छ।

## ६. उत्तरदायित्व तथा जवाफदेहिताको प्रवर्द्धन

सम्बन्धित कार्यान्वयन निकायहरूलाई योजना तथा कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयन, वित्तीय अनुशासन र समयमै सम्पन्नताप्रति थप जिम्मेवार तथा जवाफदेही बन्न प्रेरित गरेको छ।

## ७. नीति तथा योजना निर्माणका लागि आधार तयार

अनुगमनबाट प्राप्त तथ्य, सुझाव तथा अनुभवहरूले आगामी नीति, कार्यक्रम तथा बजेट तर्जुमाका क्रममा आवश्यक सुधार तथा प्राथमिकता निर्धारण गर्न महत्वपूर्ण आधार प्रदान गरेका छन्।

## ८. स्थानीय विकासका आवश्यकताहरूको पहिचान

अनुगमनका क्रममा स्थानीय स्तरमा रहेका पूर्वाधार, पर्यटन, कृषि, खानेपानी, सिंचाइ तथा अन्य विकास सम्बन्धी आवश्यकताहरूको पहिचान भएको छ, जसले भविष्यका योजनाहरूलाई थप यथार्थपरक र जनमुखी बनाउन सहयोग पुऱ्याउनेछ।

### ९. अनुगमन तथा मूल्याङ्कन प्रणाली सुदृढीकरणमा योगदान

स्थलगत अनुगमनबाट प्राप्त अनुभवले प्रदेश सरकारका योजना तथा कार्यक्रमहरूको नियमित अनुगमन, मूल्याङ्कन र प्रतिवेदन प्रणालीलाई थप प्रभावकारी बनाउन महत्वपूर्ण योगदान पुऱ्याएको छ।

### १०. विकास आयोजनाप्रति जनविश्वास अभिवृद्धि

जनप्रतिनिधिहरूबाट प्रत्यक्ष अनुगमन तथा निरीक्षण गरिएको कारण विकास आयोजनाहरूमा पारदर्शिता, उत्तरदायित्व र जनचासो बढ्न गई सार्वजनिक विश्वासमा अभिवृद्धि पुगेको देखिन्छ।

## समग्र उपलब्धि

शालिग्राम करिडोर र कोरोला–पोखरा–त्रिवेणी लोकमार्ग वरिपरिका योजना तथा कार्यक्रमहरूको अनुगमनले प्रदेश सरकारद्वारा सञ्चालित विकास आयोजनाहरूको वास्तविक अवस्था मूल्याङ्कन गर्नुका साथै सुधारका क्षेत्रहरू पहिचान, सरोकारवालाबीच समन्वय अभिवृद्धि र भविष्यमा नीति तथा कार्यक्रमहरूलाई थप प्रभावकारी बनाउन महत्वपूर्ण आधारहरु तयार गरिएका छन्।

## ९. <u>सुझावहरू (समितिको ठहर तथा सिफारिस):-</u>

शालिग्राम करिडोर र कोरोला–पोखरा–त्रिवेणी लोकमार्गको अनुगमन तथा निरीक्षण गरेका समयमा स्थलगत रुपमा देखिएका समस्या तथा चुनौतीहरुको यथार्थपरक विश्लेषण गरी निम्न सुझावहरू प्रस्तुत गरिन्छः-

**१. योजना कार्यान्वयनलाई समयबद्ध र परिणाममुखी बनाउने**

क. प्रदेश सरकारको गौरवका आयोजना शालिग्राम करिडोर र कोरोला-पोखरा-त्रिवेणी लोकमार्गलाई प्राथमिकतामा राखेर नीति तथा कार्यक्रममा मात्रै सिमित नगरी उचित बजेटको व्यवस्था गर्नुपर्ने ।

ख. स्वीकृत समयावधि तथा बजेट अनुसार निर्माण कार्य सम्पन्न गराउन निर्माण व्यवसायीलाई जिम्मेवार बनाउने।

ग. शालिग्राम करिडोरको बन्चरेभिरदेखि मधुबनसम्मको ट्र्याक खुलाउने।

घ. कार्य प्रगतिका आधारमा प्रदेश सरकारद्वारा संचालित योजनाहरुको नियमित अनुगमन, मूल्याङ्कन तथा समीक्षा गर्ने व्यवस्था मिलाउने।

२. **पर्याप्त बजेट सुनिश्चित गर्ने**

क. तनहुँ जिल्ला घिरिङ्ग गाउँपालिकामा पर्ने झर्रा खोला तथा अर्याल खोलामा पुल बनाउन अत्यावश्यक देखिएकोले आवश्यकता अनुसार बजेट विनियोजन गर्नुपर्ने।

ख. बहुवर्षीय आयोजनाका लागि आवश्यक बजेटको श्रोत सुनिश्चितता गर्ने।

ग. बजेट निकासा तथा भुक्तानी प्रक्रियालाई छिटो, पारदर्शी र प्रभावकारी बनाउने।

३. **ठेक्का व्यवस्थापनमा सुधार गर्ने**

क. कमजोर कार्यसम्पादन गर्ने निर्माण व्यवसायीमाथि कानुन बमोजिम कारबाही गर्नुपर्ने।

ख. कार्यसम्पादनका आधारमा पुरस्कार तथा दण्डको व्यवस्था लागू गर्नुपर्ने।

ग. प्रदेश सरकारद्वारा निर्मित मुस्ताङ्ग जिल्लाको जोमसोम प्रदेश अस्पतालको हस्तान्तरण प्रक्रियालाई सहज बनाई अस्पतालको नयाँ भवनलाई यथाशिघ्र संचालन गर्ने व्यवस्था मिलाउनु पर्ने।

४. **प्राविधिक जनशक्ति र क्षमता अभिवृद्धि गर्ने**

क. योजना तथा कार्यक्रम स्थलमा पर्याप्त प्राविधिक कर्मचारी परिचालन गर्ने।

ख. गुणस्तर नियन्त्रणका लागि आधुनिक उपकरण र प्रयोगशालाको व्यवस्था गर्नुपर्ने।

५. **गुणस्तर नियन्त्रणलाई प्रभावकारी बनाउने**

क. नियमित स्थलगत अनुगमन तथा निरीक्षणको व्यवस्था मिलाउनका साथै संचालनमा रहेको योजनाहरुको प्राविधिक परीक्षण अनिवार्य गर्ने।

ख. निर्माण सामग्री तथा संरचनाको गुणस्तर मापदण्डअनुसार भए/नभएको सुनिश्चित गर्ने।

**६. विपद् जोखिम व्यवस्थापनलाई प्राथमिकता दिने**

क. हिमाल पारिका जिल्ला भनिने मुस्ताङ्गको कोरोला नाकामा संघ सरकारसँग समन्वय गरी यथाशिघ्र जग्गा प्राप्ती गरी वातावरणीय प्रभावको मूल्याङ्कन गर्ने।

ख. सरकारी संचरनाहरु जस्तै भन्सार तथा सुरक्षा कार्यालय सिमानामा व्यवस्थापन गर्नुपर्ने।

ग. बाढी पहिरो तथा भूक्षय प्रभावित क्षेत्रमा दीर्घकालीन संरक्षण संरचना निर्माण गर्ने।

घ. जोखिमयुक्त स्थानहरूको पहिचान गरी पूर्वतयारी योजना लागू गर्ने।

**७. पर्यटन तथा आर्थिक गतिविधिसँग जोड्ने**

क. शालिग्राम करिडोर र कोरोला-पोखरा-त्रिवेणी लोकमार्ग वरिपरि रहेका ठाउँहरुमा कृषि, पर्यटन पूर्वाधार, विश्रामस्थल तथा सेवा केन्द्रहरूको विकास गर्ने।

ख. स्थानीय उत्पादन, व्यापार र उद्यमशीलता प्रवर्द्धनका कार्यक्रम सञ्चालन गर्ने।

**८. अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई सुदृढ बनाउने**

क. अनुगमनबाट प्राप्त सुझावहरूको कार्यान्वयन अवस्था नियमित रूपमा समीक्षा गर्ने।

ख. डिजिटल अनुगमन प्रणाली तथा प्रगति प्रतिवेदनलाई प्रभावकारी बनाउने।

**९. सुशासन, पारदर्शिता र जवाफदेहिता अभिवृद्धि गर्ने**

क. आयोजना सम्बन्धी सूचना सार्वजनिक गर्ने व्यवस्थालाई थप प्रभावकारी बनाउने।

ख. नागरिक, सरोकारवाला तथा जनप्रतिनिधिको सहभागितामा सामाजिक परीक्षण तथा सार्वजनिक सुनुवाइ सञ्चालन गर्ने।

## ८. <u>अनुगमन तथा निरीक्षण कार्यक्रमबाट प्राप्त निष्कर्षः-</u>

**स्थानीय तह तथा सरोकारवालासँग भएको छलफलको सार**

शालिग्राम करिडोर र कोरोला-पोखरा-त्रिवेणी लोकमार्ग वरिपरि सञ्चालनमा रहेका प्रदेश सरकारका अधिकांश योजना तथा कार्यक्रमहरूले स्थानीय विकास, पूर्वाधार विस्तार, पर्यटन प्रवर्द्धन र सेवा प्रवाहमा सकारात्मक योगदान पुऱ्याएको देखिएको छ। तथापि केही आयोजनाहरूमा निर्माण ढिलाई, गुणस्तर नियन्त्रण, बजेट व्यवस्थापन तथा अन्तरनिकाय समन्वयका समस्या रहेको पाइयो।

अनुगमनबाट प्राप्त सुझावहरूको प्रभावकारी कार्यान्वयन गर्न सकेमा योजनाहरूको गुणस्तर, दिगोपना तथा जनअपेक्षाअनुरूपको प्रतिफल सुनिश्चित गर्न महत्वपूर्ण योगदान पुग्ने विश्वास गरिएको छ। सार्वजनिक लेखा समितिले सम्बन्धित निकायहरूलाई आवश्यक सुधारात्मक कदम चाल्न निर्देशन दिनुका साथै आगामी दिनहरुमा समेत नियमित अनुगमन र निरीक्षणलाई निरन्तरता दिन आवश्यक देखिन्छ।

**प्रतिवेदकः-**

चन्द्रकला बस्नेत

क.अधिकृत छैटौं

गण्डकी प्रदेश सभा

सार्वजनिक लेखा समिति

**मितिः**२०८२/०२/२५

**स्थानः**पोखरा, गण्डकी प्रदेश

# अनुसूची-१

## अनुगमन तथा निरीक्षण कार्यक्रमका सहभागीहरु



सभापती

मा. सुधिर कुमार पौडेल

### माननीयज्यूहरु



**मा. जित प्रकाश आले मगर**
नेपाली काङ्ग्रेस
तनहुँ
9856030650



**मा. पञ्चराम गुरुङ**
रा प्र पा
स्याङ्जा
9856032969



**मा. निर्मला थापा**
नेकपा एमाले
स्याङ्जा
9846159828



**मा. फणिन्द्र देवकोटा**
नेपाल समाजवादी पार्टी
गोरखा
9851101516



**मा. रेशम बहादुर जुग्जाली**
नेकपा माओवादी केन्द्र
म्याग्दी
9847633592



**मा. सरस्वती गुरुङ**
नेपाली काङ्ग्रेस
कास्की
9856026976



**मा. शुशिला सिंखडा**
नेकपा माओवादी केन्द्र
गोरखा
9846046428

### कर्मचारीहरु



**चन्द्रकला बस्नेत**
पद: अधिकृत छैठौं
9846436214

# अनुसूची-२

## कार्यक्रमको कार्यतालिका

| क्र.सं. | मिति र समय | स्थान | शिर्षक | कै. |
|---|---|---|---|---|
| १ | २०८३/२/१४ गते विहान ८.०० बजे | एकत्रित भएको | फ्यूल राखेर हिंडेको | |
| २ | २०८३/२/१४ गते विहान ९.०० बजे | भिमाद | भिमाद, रिसिङ्ग र घिसिङ्ग गा.पा. का अध्यक्षहरुसँग अन्तरक्रिया | |
| ३ | २०८३/२/१४ गते विहान २.०० बजे | डेढगाउँबाट स्याङ्जा चापाकोट | सिंचाई र खानेपानीको स्थलगत अनुगमन | |
| ४ | २०८३/२/१४ गते विहान ५.०० बजे | गल्याङ्ग हुँदै मिर्मि | बेलुका बास | |
| ५ | २०८३/२/१५ गते विहान ९.०० बजे | पर्वत कुश्मा | सिंचाई तथा कृषिका योजनाहरुको अनुगमन | |
| ६ | २०८३/२/१५ गते बेलुका ७.०० बजे | म्याग्दी हुँदै मुस्ताङ्ग | बेलुका जोमसोम सदरमुकाम बसाई | |
| ७ | २०८३/२/१६ गते विहान ९.०० बजे | जोमसोम, मुस्ताङ्ग | कोरोला जाने सडक तथा जोमसोम जिल्ला अस्पतालको स्थलगत अनुगमन | |
| ८ | २०८३/२/१६ गते बेलुका ७.०० बजे | मुस्ताङ्ग | बेलुका चाराङ्ग बास | |
| ९ | २०८३/२/१७ गते विहान ७.०० बजे | अपर मुस्ताङ्ग प्रस्थान | कोराला नाकाको स्थलगत निरीक्षण | |
| १० | २०८३/२/१७ गते दिनको ३.०० बजे | खाना पछि चाराङ्गबाट हिडने | मुस्ताङ्गको सदरमुकाम जोमसोम | |
| ११ | २०८३/२/१७ गते बेलुका ७.०० बजे | मुकाम | बेलुका जोमसोम बसाई | |
| १२ | २०८३/२/१८ गते विहान ७.०० बजे | मुस्ताङ्गबाट पोखरा प्रस्थान | विहानको खाजा पछि पोखरा प्रस्थान | |
| | बेलुकासम्म आ-आफ्नो निवास फर्किने | | | |

## अनुसूची-३

## अनुगमन तथा निरीक्षणमा प्राप्त कागजातहरु

# अनुसूची-४

## शालिग्राम करिडोर र कोरोला-पोखरा-त्रिवेणी लोकमार्ग वरिपरि सञ्चालनमा रहेका प्रदेश सरकारका अधिकांश योजना तथा कार्यक्रमहरूको अनुगमन तथा निरीक्षणको झलक













दराई सामुदायिक होमस्टे
WEL
COME
स्वागतम्


























गल्याङ नगरपालिका
५ नं. वडा कार्यालय




सभा हल














































**------------ ईति शुभम् ------------**